मिति : १३ सेप्टेम्बर २०१४

## "१९ सेप्टेम्वरमा निशुल्क एनआरएन कपको फाईनल र सांगितिक कार्यक्रम हेर्ने अवसर"

आदरणिय खेलप्रमी, संगितप्रेमी तथा मनोरंजनपे्रमी नेपाली दाजुभाई तथा दिदिवहिनीहरु, सम्पुर्ण संघसस्थाहरु प्रतिनिधि ज्यूहरु।

"विदेशमा नेपाल प्रवद्र्धन" गर्ने उद्देश्यका साथ गैरआवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको आयोजनामा संचालन भईरहेको एनआरएन कप फुटवल प्रतियोगिता २०१४ को फाईनल खेल आगामी शुक्रवार १९ सेप्टेम्वरका दिन अलअरवी क्लवको मुख्य स्टेडियममा (अनुमानित १२ हजार दर्शक माझ) हुन गईरहेको छ । सो प्रतियोगिताको फाईनलमा नारायणगोपाल आईएएफ फुटवल टिम र मेचिकाली जनजागृति फुटवल टिम विच प्रतिष्पर्धा हुनेछ । साथमा नेपालवाट आउने ख्यातिप्राप्त कलाकारहरु तक्मे वुढा (विल्सन विक्रम राई), जुनु रिजाल काफ्ले र तुलसी पराजुली तथा कतारमा रहेका स्थानिय कलाकारहरुको वेजोड प्रस्तुती रहनेछ । सोहि दिन अलअरवी क्लव र समाल क्लव विचको खेलपनि सोहि स्टेडियममा हुनेछ ।

तसर्थ सो वृहत प्रतियोगिता तथा सास्कृतिक कार्यक्रममा उपस्थित हुनका लागि सवै तह र तप्काका व्यक्तिहरुलाई हामी हार्दिक अनुरोध गर्दछौं । सो कार्यक्रममा प्रवेश निशुल्क गरिएको छ भने साथमा खेल हेर्न उपस्थित दर्शकहरुलाई अल अरबी क्लबको तर्फबाट भाग्यशाली कुपन मार्फत विभिन्न आकर्षक पुरस्कारहरु समेत प्रदान गरिनेछ ।

समुहमा आउने दर्शकहरुका लागि यातायातको व्यवस्था समेत गरिएको छ । साथै दर्शकहरुका लागि निशुल्क पिउनेपानीको व्यवस्था स्टेडियम भित्र नै गरिनेछ ।

कार्यक्रमका लागि अलअरवी क्लवका सवै गेटहरु दिनको ४ वजे खुल्नेछन् भने औपचारिक कार्यक्रम र प्रतियोगिता ४:३० वजेवाट शुरु हुनेछ ।

**<u>सम्पर्कका लागिः</u>**

सुक वहादुर तामाङ्ग ३३९८०५९०, गोप वहादुर सुनुवार ५५९०७०७२, टिएन वराल ३३८५७९०९, रामचन्द्र माझि ७०७२६६८८, छवि कटुवाल ५५८७१२२६, पे्रम सिटौला ६६२९५९५५, चिन्तामणि पौडेल ७७०५४८६६

भवदिय,

गैरआवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार ।